nystateofhealth™
The Official Health Plan Marketplace



# मेरो परिवारलाई मेरो रोजगारदातामार्फत स्वास्थ्य बीमा प्रस्ताव गरिएको भए तापनि मेरो परिवार वित्तीय सहायताका लागि योग्य रहन्छ?

## पारिवारिक स्वास्थ्य बीमा कभरेज थप वहनीय भइरहेको छ

### न्युयोर्क स्टेट अफ हेल्थमार्फत वित्तीय सहायताका लागि नयाँ योग्यता नियम

- जनवरी 1, 2023 को सुरुवातबाट, परिवारका सदस्यहरूका लागि वित्तीय सहायताको योग्यता निर्धारण रोजगारदाताद्वारा प्रस्ताव गरिएको पारिवारिक कभरेजको वहनीयताका आधारमा हुने छ।
- प्रिमियम रकम घरायसी आम्दानीको 9.7 प्रतिशतभन्दा कम छ भने उक्त पारिवारिक स्वास्थ्य योजना "वहनीय" मानिन्छ।
- यदि पारिवारिक कभरेजलाई वहनीय नभएको ठानियो भने, परिवारका सदस्यहरू वित्तीय सहायताका लागि योग्य हुन सक्छन्।
- यसले कर्मचारीहरूको वहनीयताको परीक्षण परिवर्तन गर्दैन। कर्मचारीले आफ्नो रोजगारदातामार्फत वहनीय एकल (कर्मचारी-मात्र) कभरेज प्राप्त गर्न सक्छन् भने, उनीहरू NY State of Health मार्फत वित्तीय सहायताका लागि योग्य हुने छैनन्। यद्यपि, परिवारका सदस्यहरू अझै पनि योग्य हुन सक्छन्।

### 2023 अघिको वित्तीय सहायता योग्यता नियम

- 2023 सम्म, स्वास्थ्य बीमालाई एकल (कर्मचारी-मात्र) कभरेजको लागतका आधारमा "वहनीय" ठानिन्छ।
- त्यतिबेलासम्म, एकल (कर्मचारी-मात्र) कभरेजको प्रिमियम कर्मचारीको घरायसी आम्दानीभन्दा 9.61 प्रतिशतले कम भएमा, यसलाई वहनीय मानिन्छ। आफ्नो रोजगारदाताबाट वहनीय स्वास्थ्य बीमा प्राप्त गर्न सक्ने कर्मचारीहरू NY State of Health योजनाको वित्तीय मद्दत प्राप्त गर्नका लागि योग्य हुँदैनन्।
- कर्मचारी यो नियमको आधारमा NY State of Health बाट वित्तीय सहायता प्राप्त गर्न योग्य हुनुभएन भने, कर्मचारीका परिवार सदस्यहरू पनि NY State of Health बाट वित्तीय मद्दत प्राप्त अयोग्य हुन्छन्। रोजगारदाताको लागतद्वारा प्रस्ताव गरिएको पारिवारिक स्वास्थ्य योजना घरायसी आम्दानीभन्दा 9.61 प्रतिशतभन्दा बढी हुँदा पनि यो लागू हुन्छ।

### तपाईं के गर्न सक्नुहुन्छ?

- NY State of Health को वित्तीय सहायता क्याल्कुलेटर टुल प्रयोग गर्नुहोस्: **https://info.nystateofhealth.ny.gov/estimate-financial-assistance**
- तपाईं वा तपाईंका परिवारका सदस्यहरू वित्तीय सहायताका लागि योग्य छन् वा छैनन् भनी हेर्न यो टुलले अनुमान दिन्छ। तपाईंको वास्तविक योग्यता तपाईंले आवेदन दिँदा निर्धारण गरिने छ।

## तपाईंलाई आफू वा आफ्नो परिवारका सदस्यहरू वित्तीय सहायताका लागि योग्य हुन सक्छन् भन्ने लाग्छ भने, आवेदन दिनमा मद्दत प्राप्त गर्नका लागि NY State of Health मा निम्नानुसार सम्पर्क गर्नुहोस्:

अनलाइन:
**nystateofhealth.ny.gov**

फोनबाट:
1-855-355-5777 वा
TTY: 1-800-662-1220

व्यक्तिगत रूपमा उपस्थित भएर:
प्रमाणित सहयोगीबाट निःशुल्क मद्दत

NY State of Health ले प्रचलित सङ्घीय देवानी अधिकारका कानुन र राज्य कानुनहरूको अनुपालना गर्छ र जाति, रङ, राष्ट्रिय मूल, धर्म, लिङ्ग, उमेर, वैवाहिक/पारिवारिक स्थिति, गिरफ्तार रेकर्ड, अपराधी दोषी ठहर(हरू), लैङ्गिक पहिचान, यौन झुकाव, प्रिडिस्पोजिङ वंशाणुगत गुणहरू, सैन्य स्थिति, घरेलु हिंसाको पीडित स्थितिहरू र/वा प्रतिशोधका आधारमा भेदभाव गर्दैन।